तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

आज मिति २०८१ साल माघ ३० गते विहान ८:३० बजे तिलोत्तमा नगरपालिकाका नगर प्रमुख श्री रामकृष्ण खाणज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसारका निर्णयहरु गरियो ।

| क्र.स. | पद/दर्जा | पदाधिकारीको नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर कार्यपालिका अध्यक्ष | नगर-प्रमुख, श्री रामकृष्ण खाण | |
| २. | नगर कार्यपालिका सदस्य | उप-प्रमुख, श्री जगेश्वर देवी चौधरी | |
| ३. | नगर कार्यपालिका सदस्य | श्री फर्शुराम गिरी | |
| ४. | नगर कार्यपालिका सदस्य | श्री डिल बहादुर भट्टराई | |
| ५. | नगर कार्यपालिका सदस्य | श्री कल्याण प्रसाद पौडेल | |
| ६. | नगर कार्यपालिका सदस्य | श्री हरि बहादुर क्षेत्री | |
| ७. | नगर कार्यपालिका सदस्य | श्री रमेश डुम्रे | |
| ८. | नगर कार्यपालिका सदस्य | श्री गणेश पाठक | |
| ९. | नगर कार्यपालिका सदस्य | श्री देवी प्रसाद पंगेनी | |
| १०. | नगर कार्यपालिका सदस्य | श्री कृष्ण प्रसाद पौडेल | |
| ११. | नगर कार्यपालिका सदस्य | श्री ध्रुव न्यौपाने | |
| १२. | नगर कार्यपालिका सदस्य | श्री गोपाल प्रसाद घिमिरे | |
| १३. | नगर कार्यपालिका सदस्य | श्री विष्णु बहादुर बराल क्षेत्री | |
| १४. | नगर कार्यपालिका सदस्य | श्री सहदेव थारु | |
| १५. | नगर कार्यपालिका सदस्य | श्री नारायण ढकाल | |
| १६. | नगर कार्यपालिका सदस्य | श्री अश्विन पौडेल | |
| १७. | नगर कार्यपालिका सदस्य | श्री खेमराज गुरुङ्ग | |
| १८. | नगर कार्यपालिका सदस्य | श्री झविलाल भुसाल | |
| १९. | नगर कार्यपालिका सदस्य | श्री दान बहादुर चौधरी | |
| २०. | नगर कार्यपालिका सदस्य | श्री सुरेन्द्र श्री | |
| २१. | नगर कार्यपालिका सदस्य | श्री राधा शाही | |
| २२. | नगर कार्यपालिका सदस्य | श्री लक्ष्मी घिले | |
| २३. | नगर कार्यपालिका सदस्य | श्री रवि सेन्चुरी | |
| २४. | नगर कार्यपालिका सदस्य | श्री नर बहादुर छन्तेल | |
| २५. | नगर कार्यपालिका सदस्य | श्री तारा सुनार | |
| २६. | नगर कार्यपालिका सदस्य | श्री सावित्रा पन्थी आचार्य | |
| २७. | नगर कार्यपालिका सदस्य | श्री देवकी चौधरी | |
| २८. | सचिव | श्री नारायण अर्याल | |

२०८१/१०/३०

तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कार्यपालिका बैठक संख्याः ८/२०८१/०८२ (१७१) मितिः २०८१/१०/३० गते ।

<u>प्रस्तावहरुः</u>

१. नगरस्तरीय शिक्षा समिति विस्तार सम्वन्धमा ।

२. नगर खेलकुद समिति विस्तार सम्वन्धमा ।

३. संघीय समपुरक र विशेष अनुदानका आयोजना छनौट सम्बन्धमा ।

४. लुम्बिनी प्रदेश समपूरक अनुदानका आयोजना छनौट सम्वन्धमा ।

५. संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाको नाम तथा जग्गा उपलब्धता सम्बन्धमा ।

६. लायन्स क्लव रुपन्देहीलाई १३ नं. वडामा स्वास्थ्य चौकी र वालउद्यान निर्माणका लागि सिफारिस गर्ने सम्वन्धमा ।

७. उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजनाका लागि शिवपुर मा.वि.लाई सिफारिस गर्ने सम्वन्धमा।

८. सडक वोर्ड नेपाल अन्तरगत आर्थिक वर्ष २०८१/०८२ को लागि योजना छनौट सम्वन्धमा ।

९. विभिन्न कार्यविधिमा छलफल तथा स्वीकृत सम्वन्धमा ।

१०. विविध ।

रामकृष्ण खाण
नगर प्रमुख

निर्णय नं.-१

तिलोत्तमा नगरपालिकाको शिक्षा नियमावली (प्रथम संशोधन) २०७४ को परिच्छेद ४ को नियम २४ को १ (ख) मा भएको व्यवस्था अनुसार नगर कार्यपालिकाका सदस्यहरुमध्येवाट तपसिलका सदस्यहरुलाई तिलोत्तमा नगरपालिकाको  नगर शिक्षा समितिको सदस्य पदमा मनोनयन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

१. श्री नारायण ढकालः कार्यपालिका सदस्य

२. श्री सुरेन्द्र श्रीः कार्यपालिका सदस्य

३. श्री सावित्रा पन्थी, आचार्यः कार्यपालिका सदस्य

निर्णय नं.-२

२. क) तिलोत्तमा नगरपालिकाको नगर खेलकुद विकास समिति संचालन कार्यविधि-२०७६ को परिच्छेद ३ को क्र. स. ३ (ख) मा भएकों व्यवस्था अनुसार खेलकुद विधाका विज्ञहरुमध्येवाट तपसिलका व्यक्तिहरुलाई नगर खेलकुद विकास समितिको सदस्य पदमा मनोनयन गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

१. श्री नगेन्द्र (कुमार) थापा - ति.न.पा. - ९, रुपन्देही ।

२. श्री विशाल भण्डारी - ति.न.पा. - ८, रुपन्देही ।

३. श्री श्याम प्रसाद चौधरी - ति.न.पा. - १७, रुपन्देही ।

४. श्री तिलक नेपाली - ति.न.पा. -०१, रुपन्देही ।

५. श्री शोभित थापा दर्लामी – ति.न.पा.-१३, रुपन्देही ।

२. ख) तिलोत्तमा नगरपालिकाको नगर खेलकुद विकास समिति संचालन कार्यविधि-२०७६ को परिच्छेद ३ को क्र.स. (३) मा भएको व्यवस्था अनुसार खेलकुद विधाका विज्ञहरुमध्येवाट तपसिलका व्यक्तिहरुलाई न खेलकुद विकास समितिको सदस्य पदमा मनोनयन गर्ने निर्यण गरियो।

राजकृष्ण खाण
नगर प्रमुख

<u>तपसिल</u>

१. श्री विष्णु पाठक - ति.न.पा. ५, रुपन्देही ।

२. श्री सन्तु दगोरिया थारु - ति.न.पा. ६, रुपन्देही ।

३. श्री अर्जुन यादव - ति.न.पा. १७, रुपन्देही ।

निर्णय नं.-३

नेपाल सरकारको समपुरक अनुदान सम्बन्धी संशोधित कार्यविधि, २०८१ बमोजिम यस तिलोत्तमा नगरपालिकाको आ.व.०८२/०८३ का लागि प्राथमिकताको आधारमा संघीय सरकार समपूरक अनुदानका लागि देहायका आयोजनाहरुमा नगरपालिकाको ८० प्रतिशत लागत साझेदारीको स्रोत सुनिश्चतता सहित राष्ट्रिय योजना आयोगमा माग गरी पठाउने निर्णय गरियो ।

| संघीय समपूरक अनुदान: | | | |
|---|---|---|---|
| प्राथमिता क.स. | आयोजनाको नाम | आयोजनाको क्षेत्र | आयोजना कार्यान्वयन गर्ने स्थान |
| १. | लोकेटार- सखुवानी- बिंहुली- हाउजिङ्ग - मुडियारी सडक खण्ड | पुर्वाधार | वडा नं. ७, १५, १६ र १७ |
| २. | सुर्यपुरा- रामनगरा- भलवारी सडक | पुर्वाधार | वडा नं. ७ र ८ |
| ३. | जमुहानी - ठठहरिहवा सडक | पुर्वाधार | वडा नं. १७ |

त्यसैगरी, नेपाल सरकारको विशेष अनुदान सम्वन्धी संशोधित कार्यविधि, २०८१ बमोजिम यस तिलोत्तमा नगरपालिकाको आ. व. ०८२/०८३ का लागि प्राथमिकताको आधारमा देहायका आयोजनाहरु राष्ट्रिय योजना आयोगमा माग गरी पठाउने निर्णय गरियो ।

| संघीय विशेष अनुदान | | | |
|---|---|---|---|
| प्राथमिकता क.स. | आयोजनाको नाम | आयोजनाको क्षेत्र | आयोजना कार्यान्वयन स्थान |
| १. | मेदिनी आधारमूत विद्यालय भवन निर्माण/ ज्योति आधारभूत विद्यालय भवन निर्माण/ गौतमबद्ध शिशु सदन भवन तथा पुर्वाधार निर्माण । | शिक्षा | वडा नं. ६, वडा नं. ८ र वडा नं. ९ |

रामकृष्ण खाण
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| २. | मधवलिया अधुरो स्वास्थ्य चौकी, [illegible] स्वास्थ्य चौकी वर्थिङ्ग सेन्टर, शहरी स्वास्थ्य केन्द्र कम्पाउण्ड वाल | स्वास्थ | वडा नं. ८ र वडा नं.१६ र वडा नं. ४, |
| ३. | जनजागृति मा.वि., जनभावना मा.वि र बरौलियमा मा.वि. क्रमागत। | शिक्षा | वडा नं. २, ८ र वडा नं. १७ |

निर्णय नं.-४

लुम्बिनी प्रदेश सरकारको समपुरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८, बमोजिम तिलोत्तमा नगरपालिकाको आर्थिक वर्ष ०८२/०८३ को लागि प्रदेश सरकार समपूरक अनुदान लागि देहाय बमोजिमका योजनाहरु लुम्विनी प्रदेश योजना आयोग, लुम्विनी प्रदेश सरकारमा माग गरि पठाउने निर्णय गरियो ।

देहायः

| प्रदेश समपूरक अनुदान | | |
|---|---|---|
| सि.नं. | आयोजनाको नाम | आयोजना कार्यान्वयन गर्ने स्थान |
| १. | गणेशपुर- हाटबजार हुदैं वडा नं. १३ र १४ जाने सडक, क्रमागत | वडा नं. ६ |
| २. | सिटी कलेजको पश्चिम तर्फको सडक खण्ड स्तरोन्नति | वडा नं.१४ |
| ३. | मुडियारी- जहदा सडक स्तरोन्नति, क्रमागत | वडा नं.७ र १७ |
| ४. | कुञ्जलापुरदेखि करौंजिया सडक स्तरोन्नति | वडा नं.६ र १३ |

निर्णय नं.-५

संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना बुटवलको प.स. ०८१/०८२, च.न. १२६, मिति २०८१/१०/१० पत्रबाट लेखि आए अनुसार स्वच्छ र सफा नगरको विकासको लागि चुनौतिको रुपमा रहेको फोहोरमैलाको व्यवस्थापन गर्न शहरी दिशाजन्य लेदो प्रशोधन केन्द्र निर्माण कार्यका लागि यस नगरपालिकाको वडा नं ४ देखि वडा नं. १४ सम्म तिनाउ नदि उकास क्षेत्रको उपयुक्त स्थान छनौट गरी सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ बमोजिम जग्गा

रामकृष्ण खाण
नगर प्रमुख

उपलब्ध गराउन सम्वन्धित निकायमा सिफारिस गर्ने र डि.पि.आर.कार्यको प्रकृया अगाडि बढाउन संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना बुटवललाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.-६

तिलोत्तमा नगरपालिका १३ नं. वडा कार्यालयको प.स.२०८१/०८२, च.न.११६७, मिति २०८१/१०/२८ गतेको पत्र एवं सोहि वडाको मिति २०८१/१०/२७ वडा समितिको निर्णयानुसार उक्त वडाको मडाहा स्थित कि. न. २५४ को सार्वजनिक जग्गावाट ०-५-१०(पाँच कट्टा दश धुर) क्षेत्रफल बराबरको जग्गामा स्वास्थ्य केन्द्र भवन निर्माणका लागि लायन्स क्लव रुपन्देहीलाई उपलब्ध गराउन माग भै आएकाले सुविधा सम्पन्न स्वास्थ्य केन्द्र भवन निर्माण प्रयोजनका लागि उक्त क्षेत्रफल बराबरको जग्गा सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ बमोजिम उपलब्ध गराउनका लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

निर्णय नं. ७

तिलोत्तमा नगरपालिका वडा नं. ११ मा रहेको श्री शिवपुर माध्यमिक विद्यालयको मिति २०८१/१०/१७ गतेको पत्रानुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.स. २०८०/०८१, च.न.४२२, मिति २०८१/०३/०५ को सूचना अनुसार भारत सरकारको सहयोगमा संचालन हुने उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना अन्तरगतको HICDPs कार्यक्रम अन्तरगत विद्यालय, भवन, छात्रावास, पुस्तकालय निर्माण गर्न १६,७७,४१,६४२/- कर वाहेक (सोह्र करोड, सतहत्तर लाख, एकचालिस हजार, छ सय बयालिस रुपैया) प्रस्ताव स्वीकृतिका लागि पेश गर्ने र प्रस्ताव स्वीकृत भएमा उक्त आयोजनाको कूल लागतको १० प्रतिशत लागत सहभागिता नगरपालिकाले व्यहोर्ने निर्णय गरियो ।

निर्णय नं. ८

सडक बोर्ड नेपाल, अन्तरगत तिलोत्तमा नगरपालिकाको आ.व. २०८१/०८२ को नगर विकास योजनाको म्याचिङ्ग फण्ड शीर्षकमा विनियोजित वजेटबाट तपसिलका योजनाहरु छनौट गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

रामकृष्ण खाण
नगर प्रमुख

तपसिलः

| सडक बोर्ड नेपाल | | | |
|---|---|---|---|
| सि.नं. | आयोजनाको नाम | आयोजना कार्यान्वयन स्थान | बजेट रकम |
| १. | एक्स्ट्राटेक क्रिकेट स्टेडियमदेखि कान्छिवजार सडक खण्ड स्तरोन्नति | वडा नं.१० र १७ | २५,००,०००/- |
| २. | गोरकट्टा - झुङ्गी -१० नं.- डिङ्गरनगर सडक (आलमदेवी मार्ग) स्तरोन्नति | वडा नं.६ | २५,००,०००/- |
| ३. | शिवपुर- बुधवारे- मकहर सडक खण्ड स्तरोन्नति | वडा नं.११ र १२ | २०,००,०००/- |
| ४. | वागधुरा- देवीनगर सडक खण्ड स्तरोन्नति | वडा नं. १४ | २०,००,०००/- |
| ५. | कोटिहवादेखि पश्चिम सडक खण्ड स्तरोन्नति | वडा नं.१५ र १३, १४ | २०,००,०००/- |

निर्णय नं.-९

तिलोत्तमा नगरपालिकाको विधेयक समितिवाट छलफल गरी निर्णयका लागि नगर कार्यपालिकाको वैठकमा पेश भएको तिलोत्तमा नगरपालिकाको सीप परियोजनाका लागि सीप विकास तालिम संचालन कार्यविधि, २०८१ सर्वसम्मतले स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.- १० विविध।

१०. क) तिलोत्तमा नगरपालिकाको गौरव र पहिचानलाई अझ फराकिलो बनाउन र विभिन्न विधामा छलफल, वहस, प्रर्दशनी एवं प्रचार- प्रसार गर्न तिलोत्तमा फेयर/फेस्टिवल २०८१ आयोजना गर्ने र त्यसका लागि तपसिल बमोजिमको समिति बनाउने निर्णय गरियो ।

रामकृष्ण खाण
नगर प्रमुख

तपसिलः

निर्देशक समिति

श्री रामकृष्ण खाण - नगर प्रमुख,

CamScanner

श्री जगेश्वर देवी चौधरी- नगर उप-प्रमुख,

श्री नारायण अर्याल- प्रमुख प्रशासकीय अधिकृत

कार्यान्वयन समिति

संयोजक- श्री नारायण अर्याल, प्रमुख प्रशासकीय अधिकृत,

सदस्य- श्री, गणेश पाठक, वडा नं.६ वडाध्यक्ष

सदस्य- श्री कृष्ण प्रसाद पौडेल, वडा नं.८ वडाध्यक्ष,

सदस्य- श्री कल्याण पौडेल, वडा नं.३ वडाध्यक्ष,

सदस्य- श्री सुरेन्द्र श्री, कार्यपालिका सदस्य,

सदस्य- श्री राधा शाही, कार्यपालिका सदस्य,

साथै, गठित कार्यान्वयन समितिलाई तिलोत्तमा फेयर/फेस्टिवल २०८१ को तयारीका लागि आवश्यक योजना र कार्यक्रम बनाउनका लागि जिम्मेवारी दिने निर्णय गरियो ।

१०.ख) तिलोत्तमा नगरपालिकालाई लैङ्गिकमैत्री नगर घोषणाका लागि आवश्यक तयारी गर्नका लागि तपसिल बमोजिमका लैङ्गिकमैत्री समिति बनाउने निर्णय गरियो ।

तपसिल:

संयोजक: श्री रामकृष्ण खाण - नगर प्रमुख,

सदस्य: श्री जगेश्वर देवी चौधरी- नगर उप-प्रमुख,

सदस्य: श्री गणेश पाठक, आर्थिक विकास समिति संयोजक,

सदस्य: श्री कृष्ण प्रसाद पौडेल, भौतिक पुर्वाधार विकास समिति संयोजक,

सदस्य: श्री सुरेन्द्र श्री, वन वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक,

सदस्य: श्री रवि सेञ्चुरी, सामाजिक विकास समिति संयोजक,

सदस्य: श्री राधा शाही, सुशासन तथा संस्थागत विकास समिति संयोजक,

सदस्य- सचिव: श्री नारायण अर्याल, प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

CamScanner